# ज्ञानेन्द्र शाहीको गिरफ्तारी र यातनाका बारेमा तयार पारिएको अध्ययन प्रतिवेदन

## घटनाको पृष्ठभूमि

जुम्ला पातारासी स्थायी घर भएका ३५ वर्षीय ज्ञानेन्द्र शाही २०७६ जेठ १५ गते 'नेपालका लागि नेपाली' नामक अभियान अन्तर्गत सुर्खेतको वीरेन्द्रनगर नपा-७ खुल्ला मञ्चमा आयोजना गरेको भ्रष्टाचार विरूद्धको नागरिक सचेतना कार्यक्रममा वक्ताका रुपमा सहभागी भएका थिए । शाहीलाई प्रहरीले कार्यक्रमस्थलबाट गिरफ्तार गरी हिरासतमा यातना दिएको भन्ने सूचना सामाजिक सञ्जालमार्फत सार्वजनिक भयो । घटनाका सम्बन्धमा इन्सेकको समन्वयमा जिल्ला बार एशासियसन र मानव अधिकार रक्षक सञ्जाल सुर्खेतको टोलीले जेठ २० गते हिरासतमा रहेका थुनुवा, प्रत्यक्षदर्शी र जिल्ला प्रहरी कार्यालयमा प्रहरीसँग भेट गरी छलफल गरेको थियो ।

ज्ञानेन्द्र शाहीले २०७६ वैशाख १८ गते महालेखा परीक्षकको प्रतिवेदनको आधारमा कर्णाली प्रदेश सरकारले गरेको भ्रष्टाचार लगायतका विषयमा पत्रकार सम्मेलनको आयोजना गरेका रहेछन् । पत्रकार सम्मेलन गर्नका लागि पत्रकार महासंघ जिल्ला शाखा सुर्खेतको हल उपलब्ध गराइदिन नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष गणेशकञ्चन भारतीलाई आयोजकले फोनमार्फत अनुरोध गरेका रहेछन् । महासंघको हल उपलब्ध नभएपछि आयोजकले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, सुर्खेतस्थित सभाहलमा आयोजना गरिएको पत्रकार सम्मेलनका लागि नेपाल पत्रकार महासङ्घ, सुर्खेत शाखाका अध्यक्ष गणेशकञ्चन भारती र राष्ट्रिय समाचार समितिका सुरज सिंहलाई आयोजकले खबर गरेका रहेछन् । भारती र सिंहमार्फत अन्य पत्रकारलाई पनि खबर गर्न आयोजकले अनुरोध गरेकोमा भारती र सिंहसहित कुनै पत्रकार सो कार्यक्रममा सहभागी नभएपछि ज्ञानेन्द्र शाहीले वैशाख १८ गते ओसएस नेपाल डट कम र फेसबुकमार्फत कर्णाली प्रदेशका पत्रकारलाई कुकुर, सरकारी भत्ता खाने, पार्टीका झोले कार्यकर्ता भन्दै अन्तरवार्ता दिए । शाहीको अन्तरवार्ता सार्वजनिक भएपछि नेपाल पत्रकार महासङ्घ कर्णाली प्रदेशका अध्यक्ष दुर्गा थापा र जिल्ला शाखा अध्यक्ष गणेशकञ्चन भारतीले शाहीले सोही दिन (वैशाख १८ गते नै) पत्रकारको मानमर्दन गरेको भन्दै जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा उजुरी दिए । उक्त उजुरी प्रहरीले महानगरीय प्रहरी परिसर टेकु काठमाडौँमा विद्युतीय कारोवार ऐन अन्तर्गतको कसुरको मुद्दा दर्ता गरायो । उजुरीपछि प्रहरीले जिल्ला अदालत सुर्खेतमा गिरफ्तारी अनुमति माग गरेपछि जिल्ला अदालत सुर्खेतले वैशाख १९ गते शाहीलाई गिरफ्तार गर्न पक्राउ पुर्जी जारी गऱ्यो । गिरफ्तार गरिएका शाहीलाई प्रहरीले जिल्ला प्रहरी कार्यालय, सुर्खेतस्थित हिरासतमा राखी कुटपिट गरेको भन्दै शाहीका समर्थकले ०७६ जेठ १७ गते राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवनमा उजुरी दिए ।

भ्रष्टाचारका विरूद्ध बोल्दा शाहीलाई हिरासतमा राखेर कुटपिट गरेको, पछाडिबाट हतकडी लगाइ १८ घण्टाको यात्रामा सार्वजनिक यातायातमा  खाली खुट्टा काठमाडौँ लगेको भन्दै शाहीका समर्थकले राष्ट्रिय मानव अधिकार आयोग काठमाडौंमा दिएको उजुरीमा उल्लेख थियो । उजुरीपछि आयोगले ०७६ जेठ २० गते प्रेस विज्ञप्ति जारी गर्दै प्रहरीले पक्राउ पुर्जी बिना गिरफ्तार गरी हिरासतमा कुटपिट गरेको जनायो । साथै आयोगले शाहीको प्रभावकारी स्वास्थ उपचार गर्न र घरपरिवारलाई भेटघाटको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गरायो । घटनाका सम्बन्धमा कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेतले जेठ २० गते सुर्खेतमा पत्रकार सम्मेलन गर्दै शाहीलाई हिरासतमा यातना दिइएको भन्ने सूचना भ्रामक र कपोलकल्पित रहेको दाबी गऱ्यो ।

## अध्ययन विधि र प्रकृया

घटना सम्बन्धमा इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेतका संयोजक नारायण सुवेदी र प्रलेख अधिकृत सुमित्रा भट्टराई, बार एशोसियशन, सुर्खेतका अध्यक्ष नन्द भण्डारी तथा महिला मानव अधिकार रक्षक सञ्जालकी केन्द्रीय सदस्य पवित्रा गिरी शाही सहभागी टोलीले ०७६ जेठ २० गते जिल्ला प्रहरी कार्यालय, सुर्खेत पुगी घटनाको बारेमा प्रारम्भिक जानकारी लियो । टोलीले जिल्ला प्रहरी कार्यालय, सुर्खेतका एसपी बसन्त रजौरे, सोही कार्यालयका डिएसपी

प्रदीपबहादुर क्षेत्री र भ्रष्टाचार विरूद्धको नागरिक सचेतना कार्यक्रमका आयोजक (हाल हिरासतमा रहेका) भीमबहादुर शाही लगायतसँग कुराकानी गरेको थियो । साथै प्रत्यक्षदर्शीका रूपमा रिर्पोटिङका लागि पुगेका पत्रकारसँग पनि जानकारी लिएको थियो । प्रतिवेदन तयार पार्ने क्रममा प्रत्यक्षदर्शी, ज्ञानेन्द्र शाहीसँगै गिरफ्तार भएका केही व्यक्ति तथा प्रहरीसँग सुर्खेतमा कुराकानी गरिएको थियो । यसैगरी घटना भएको दिन घटनास्थलको भिडियो फुटेजलाइ सन्दर्भ सामग्रीका रुपमा लिइएको छ । ज्ञानेन्द्र शाही र ट्रमा सेन्टर, काठमाडौँका डाक्टरसँग पनि कुराकानी गरिएको थियो ।

## घटना सम्बन्धमा विभिन्न पक्षको भनाइ

*प्रदीपबहादुर क्षेत्री, डीएसपी, जिल्ला प्रहरी कार्यालय, सुर्खेत*

घटनास्थल जिल्ला प्रहरी कार्यालयबाट एक सय मिटरको दूरीमा छ । भ्रष्टाचार विरोधी कार्यक्रमबाट शाहीलाई गिरफ्तार गरेको भन्ने भ्रम फैलाइएको छ, त्यो झुठो हो । उनीमाथि साइबर क्राइमको उजुरी परेको थियो । शाहीलाई वैशाख १९ गते गिरफ्तार पुर्जी जारी गरिएको थियो । सोही आधारमा शाहीलाई प्रहरीले जेठ १५ गते गिरफ्तार गरेको हो । हरेक महिनाको १ र १५ गते खुल्ला मञ्चमा देउडा हुने दिन हो । त्यो दिन पनि खुलामञ्चमा देउडा थियो । ज्ञानेन्द्र शाहीको कार्यक्रम १४ गते राखिएको थियो रे तर भिड नहुने भएकाले पछिल्लो दिन सारिएको भन्ने हल्ला पनि छ । शाहीलाई गिरफ्तार गर्नका लागि पहिलो पटक सिभिल ड्रेसमा प्रहरी पठाइयो तर शाही आउन मानेनन् । त्यसपछि इन्सपेक्टर निरन्जन घिमिरेको नेतृत्वमा प्रहरी टोली पठायौं फेरि पनि उनी आउन मानेनन् न त पक्राउ पुर्जी नै बुझे । प्रहरीले समातेर गाडीमा चढाउने बेलामा पुलिसले मलाई मार्न आँट्यो भनेर कराए । भिडले प्रहरीको गाडी घेराउ गर्‍यो, त्यसपछि हामी पनि गयौं र गिरफ्तार गर्‍यौं । दोहोरो झडप जस्तै भयो त्यसबेला र गाडीमा चढाउने समयमा नै हो झडप भएको । ५ बजेर ९ मिनेटमा शाहीलाई गिरफ्तार गरेर ल्यायौं, त्यसबेला उनले भाषण गरिसकेका थिए । हामीले कुटपिट गरेका छैनौं । उनलाई हिरासतमा राखिएको पनि छैन । म ५ बजेर २६ मिनेटमा मात्रै कार्यालय आएँ । तीन मिनेट, १५ मिनेट, १७ मिनेट र १९ मिनेटमा अरुलाई पनि गिरफ्तार गरी ल्यायौं । सो घटनामा नौ जनालाई गिरफ्तार गरिएको थियो । शाहीको दाइलाई शाहीसँगै गिरफ्तार गरेर ल्याइएको हो । ज्ञानेन्द्रलाई बेलुकी ६ बजेर ६ मिनेटमा काठमाडौं पठाउनका लागि जिल्ला प्रहरी कार्यालयबाट बाहिर निकालियो । प्रदेश अस्पतालमा स्वास्थ्य जाँचपछि सुब्बाकुना लगेर गाडी चढाइएको हो । घटनामा मसमेत आठ जना प्रहरी घाइते भएका छौं । हतकडी पछाडि लगाएर काठमाडौं लगिएको भन्ने कुरा छ, सँगै गएका प्रहरीको सुरक्षाका लागि त्यसो गरिएको हो । गिरफ्तार गरिएका मध्ये दुई जना महिलालाई भोलिपल्ट रिहा गर्‍यौं । अन्यलाई जिल्ला प्रशासन कार्यालय पठाउँछौ । अन्यलाई सार्वजनिक अपराधसम्बन्धी मुद्दा दर्ता भएको छ भने ज्ञानेन्द्रलाई साइवर क्राइम र सार्वजनिक अपराधको मुद्दा चलाइएको छ ।

*भीमबहादुर शाही, आयोजक, नागरिक सचेतना कार्यक्रम*

२०७३ भदौ ४ गते 'नेपालका लागि नेपाली अभियान' नामक नागरिक समाज गठन भयो । म उक्त अभियानको केन्द्रीय सदस्य हुँ । पत्रकारले समयमै घटना र विषयका बारेमा सूचना नदिनु गल्ती भयो । जेठ १५ गते कार्यक्रम हुँदैछ भनेर प्रशासनलाई जानकारी गराइएको थियो । म आफैले सिडियो साबलाई फोन गरेँ, उहाँ जिल्ला बाहिर भएकाले आउन नसक्ने भनेर सहायक प्रमुख जिल्ला अधिकारीलाई कुरा गर्न भन्नु भयो । मैले उहाँलाई खबर गरेँ । सहायक प्रजिअ आउँछु भन्नु भयो । प्रशासनलाई जानकारी गराएपछि भइहाल्छ भनेर कार्यक्रमका बारेमा प्रहरीलाई खबर भएन । कार्यक्रममा झण्डै ३१ जना अभियन्ता थिए । हामीसँग नागरिक समाजकै देउडाको कार्यक्रम थियो । देउडामार्फत विकृति र विसङ्गतिको बारेमा कुरा उठाउने भन्ने थियो । कार्यक्रमको दौरानमा सादा पोशाकमा प्रहरी आई ज्ञानेन्द्रसँग कुरा गरेपछि कार्यक्रम बिथोल्न कोही आएको गाइँगुइँ हल्ला भयो । हामीलाई थाहा थिएन ज्ञानेन्द्र विरुद्धमा प्रहरी कार्यालयमा उजुरी छ भन्ने । नौ जना वक्ता थिए सो कार्यक्रममा, शाहीले मन्तव्य राखिसकेका थिए । सादा पोशाकका प्रहरी गएको केही समयमा इन्सपेक्टर निरञ्जन घिमिरे गएका रहेछन् गिरफ्तार गर्न । गिरफ्तार गर्दा हातपात भन्दा बढी तानातान भयो । खुलामञ्चमा धकेलाधकेल भयो । ज्ञानेन्द्रलाई हिरासतमा लगिएन । ढुङ्गा प्रहार भएको खुलामञ्चमा हो, यहाँ हिरासतमा रहेका व्यक्ति त्यहाँ सहभागी होइनन् । अभियानले डिसेम्बर १५ बाट भ्रष्टाचार विरूद्धको कार्यक्रम सुरू गर्‍यो । सुर्खेतको कार्यक्रमको बारेमा अघिल्लो वर्ष नै फागुन २५ गते बाँकेको कोहलपुरबाट जानकारी गराइएको थियो । अभियानकर्ताको श्रेणी हुन्छ ज्ञानेन्द्र तीन नम्बर श्रेणीका वक्ता हुन ।

*हिक्मत अधिकारी, जुम्ला*

हाम्रो जुम्लाकै हो ज्ञानेन्द्र भन्ने त सुनेको थिएँ तर चिनेको थिइनँ । म त देउडा हेर्न आएको थिएँ । १५/२० मिनेट राखे ज्ञानेन्द्रलाई जिल्ला प्रहरी कार्यालयमा, म आएपछि कुटेको देखिन । शरीरमा च्यातिएको भेष्ट थियो । कुमको बाहिर दाग थियो । खुल्ला मञ्चमा भएको लाठीचार्जको बेलाको होला । खुट्टामा चप्पल थिएन ।

***बसन्त रजौरे, एसपी, जिल्ला प्रहरी कार्यालय***

हिरासतमा पनि सिसिटिभी छ, हेर्न सकिन्छ । प्रहरी आएको गएको हेर्न गेटमा पनि सिसिटिभी छ । हामीले यातना दिएका छैनौं । उनलाई खाना खुवाएरै लगिएको छ । म बिदामा थिएँ । हामीले राम्रो काम गर्ने प्रहरीलाई प्रत्येक महिनामा सम्मान गर्ने गर्छौं । सम्मानको आधार मानव अधिकार उल्लङ्घन गर्ने वा उल्लङ्घन गरेको उजुरी वा गुनासो पर्नेलाई जिल्ला प्रहरी कार्यालयले सम्मान नगर्ने नियम बनाएको छ । यस घटनामा प्रहरीले आत्मरक्षाका लागि अपनाएको Minimum use of force हो ।

***गणेशनाथ योगी, ज्ञानेन्द्र शाहीलाई काठमाडौँ लगिएको बसका सहचालक भनाइ***

म मध्यपश्चिम यातायात समितिको गाडी नम्बर ना ७ ख ६९६३ को बसमा काम गर्छु । सुर्खेतको सुब्बाकुनाबाट दुई जना प्रहरी र एक जना नाम थाहा नभएका अर्को मान्छे जेठ १५ गते साँझ करिब ६.३० बजेतिर गाडी चढेका हुन् । बसको सिट ११ र १२ नम्बरको रोके पनि उहाँहरू सबै जना बसको अन्तिम सिटमा बस्नु भयो । उहाँहरू सबै जना कलंकीमा झर्नु भयो । प्रहरी बाहेक अर्को मान्छेले चप्पल लगाएको थिएन । छिन्चुसम्म हतकडी पछाडि लगाएको थियो त्यसपछि हतकडी लगाएको थिएन । खाना हामीले बाँकेको चप्परगौडीमा खुवाएका थियौँ । उहाँहरूले खाना खाए नखाएको थाहा भएन । दिसापिसाब गर्न प्रहरीसहित उनी पनि झरेका थिए । प्रहरीले बसमा चढाउँदा र बस भित्र कुटपिट गरेका थिएनन् ।

## स्वास्थ्य परीक्षण प्रतिवेदन

प्रदेश अस्पताल सुर्खेतमा ०७६ जेठ १५ गते ज्ञानेन्द्रबहादुर शाहीलाई स्वास्थ्य परीक्षणका लागि लगिएको पाइयो । स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेख भएका तथ्यहरू :

- ज्ञानेन्द्रबहादुर शाहीको दायाँ हातको नाडीमा रातो डाम
- टाउकोमा चोट, बायाँ खुट्टाको कान्छी औँलामा चोट, छातीमा रातो डाम, ढाडमा रातो डाम, घुँडामा रातो डाम


जिल्ला प्रहरी कार्यालय, सुर्खेत

अस्पतालमा गरिएको स्वास्थ्य परीक्षण प्रतिवेदन

## प्रत्यक्षदर्शीको भनाइ

***सुदिप पुरी, नेपाल पत्रकार महासङ्घ सुर्खेत शाखाका सचिव तथा एपी वान टेलिभिजन संवाददाता***

म रिर्पोटिङको लागि खुल्ला मञ्चमा पुगेको थिएँ । शाहीले भाषण गरिसकेपछि सादा पोशाकमा आएका ६/७ जना प्रहरीले गिरफ्तार गर्न खोजे । स्टेजमै कुराकानी गरे तर सकेनन् । त्यसपछि शाहीको टोली र अभियन्ताले शाहीलाई घेरा हालेर स्टेज पछाडि राखे । प्रहरीले गिरफ्तार गर्न नसकेपछि बर्दीमा थप बल आयो । प्रहरीले समात्न खोज्ने र उनीहरूले नदिने क्रम केही समयसम्म चल्यो । त्ससपछि शाहीलाई समातेर गाडीमा चढाउन लाग्दा भीडले शाहीलाई तान्यो र उनी विश्वविद्यालयतिर दौडिए । पछिपछि गएको प्रहरीले नालाबाट समातेर ल्यायो । प्रहरीले जीपमा राख्न खोज्दा भिडले प्रहरीलाई ढुङ्गा हान्यो । फेरि प्रहरीको थप फोर्स आयो । ३० देखि ४५ मिनेटजति खुल्ला मञ्चमा दोहोरो झडप भयो । प्रहरी र शाही पक्षतर्फ दुवैतर्फ चोटपटक लाग्यो । भिड नियन्त्रणमा आएपछि शाहीलाई जिल्ला प्रहरी कार्यालय लगे । प्रहरीले गिरफ्तार गर्ने क्रममा शाहीले इन्स्पेक्टर निरञ्जन घिमिरेलाई लात्ताले हानेपछि प्रहरीले पनि कुटेको थियो । उनको ढाडमा चोट लागेको थियो । तानातान गर्दा ज्ञानेन्द्रले लगाएको टिसर्ट च्यातिएको थियो । खुट्टा खोच्याइरहेका थिए । हिँड्न नमिलेपछि उनी बसे । त्यसपछि प्रहरीले दुवै कुममा समातेर जिल्ला प्रहरी कार्यालयको गेट भित्र लगे ।

***सबिता बीसी, पत्रकार, रेडियो भेरी एफएम***

त्यो दिन म ५ बजेतिर घटनास्थलमा पुगेको थिएँ । ३/४ जनाले एक अपरिचित व्यक्तिलाई समातेर जिल्ला प्रहरी कार्यालयतिर लैजाँदै गरेको देखेँ । उनी फुत्किन खोज्दै थिए, भिड पछिपछि आउन खोज्दै थियो । डिएसपीले भिडतिर आक्रोशित भएर फर्कनुस् भन्दै थिए । डिएसपीको हातमा लठ्ठी थियो । भिडले भने गिरफ्तार भएको व्यक्तिलाई छोड्नुस् भनिरहेको थियो ।

## घटनास्थलबाट गिरफ्तार भएका व्यक्तिहरू

१) भीमबहादुर शाही, जुम्ला सिजा गाउँपालिका-५ का ३५ वर्षीय
२) मदनबहादुर शाही, जुम्ला सिजा गाउँपालिका-३ का ३३ वर्षीय
३) कृपाराम बडुवाल, दैलेख आठबिसकोट नपा-९ का ३३ वर्षीय
४) प्रेम विक, सुर्खेत वीरेन्द्रनगर नपा-६
५) दिपक शाही, सुर्खेत वीरेन्द्रनगर नपा-७ का २१ वर्षीय
६) हिक्मत खत्री, जुम्ला सिजा गाउँपालिका ३ का ३९ वर्षीय
७) मेनुका परियार, बाँके कोहलपुर नपा-७ की २२ वर्षीया
८) मीना खत्री, बाँके कोहलपुर नपा-२ की १८ वर्षीया

## घाइते भएका प्रहरीहरू

१) निरञ्जन घिमिरे, इन्स्पेक्टर
२) प्रकाश बुढा, हवल्दार
३) जितबहादुर बोहरा, जवान
४) हस्त सिंह, जवान
५) रामसागर बर्मा, जवान
६) पवन सुवेदी, जवान

***ज्ञानेन्द्र शाही, भ्रष्टाचार विरोधी कार्यकर्ता***

सुर्खेतको वीरेन्द्रनगरमा रहेको खुल्लामञ्चमा जेठ १५ गते हामीले भ्रष्टाचारविरुद्ध कार्यक्रम आयोजना गरिरहेको बेला प्रहरीले मलाई कुट्दै गिरफ्तार गर्‍यो । सामान्य गिरफ्तार गरिएको मात्रै नभई विभिन्न किसिमका यातना दिँदै जेठ १५ गते नै हात पछाडि लगेर हत्कडी लगाइ सार्वजनिक बसमा काठमाडौं ल्याइयो । रातभरीको यात्रा त्यसमा पनि खाना र पानीसमेत नदिई नेपाल प्रहरीले यातना दियो । प्रहरीको कुटाइले देब्रे खुट्टाको कुकुर्चा समेत भाँचिएको र शरीरका विभिन्न भागमा नील डाम तथा ढाडमा समस्या परेको छ । मलाई जेठ १६ गते काठमाडौंको वीर अस्पताल भर्ना गरिएको भए पनि पछि १७ गते ट्रमा सेन्टरमा रिफर गरियो । प्रहरीको कुटाइले आँखामा समेत समस्या भएको छ ।

***प्रमोद यादव, प्रमुख, नेशनल ट्रमा सेन्टर, काठमाडौँ***

ज्ञानेन्द्र शाहीलाई १७ गते (०७६ जेठ १७ गते) यहाँ ल्याइएको हो । मैले उहाँसँग आफैँ कुरा गरेको हुँ । 'म एकदमै सिकिस्त छैन तर दुखिरहेको छ, मलाई उपचार गर्नुपर्‍यो'-भन्नुभयो । त्यसपछि हामीले उपचार सुरू गर्‍यौं । सिटी स्क्यान गर्‍यौं । उहाँको देब्रे खुट्टाको सानो हड्डीमा हल्का 'फ्याक्चर' देखियो । यसका लागि ठूलो अप्रेशन गर्नुपर्दैन । आराम गरेर 'इम्युलाइजेशन' गर्‍यो भने भइहाल्छ । घरमै रेष्ट गर्दा पनि भयो । उहाँलाई हामीले आज (०७६ जेठ २३ गते) डिस्चार्जको प्लान गर्‍या छौं । फलोअपमा बस्नुहुन्छ । यातना दिएर हो वा कुटपिटका कारण हो वा अन्य के कारणले चोट लागेको भन्ने कुरा चाहिँ फरेन्सिक डक्टरले भन्ने कुरा हो । हामीले त उपचार गर्ने मात्रै हो । कारण चाहिँ भन्न सकिँदैन । कानुनी गैरकानुनी के हो भन्ने विषय उहाँहरूको हो । उहाँले हामीलाई के कारणले घाउ भएको भनेरसमेत भन्नु भएको छैन । उहाँलाई जेठ १७ गते ८ बजेतिर भेटेको हुँ । मलाई चोट लागेको छ सर उपचार गर्नुपर्‍यो भन्नुभयो । त्यसपछि पनि उहाँले चोट लागेको कारण हामीसँग भन्नु भएको छैन ।

## निष्कर्ष

घटनाका प्रत्यक्षदर्शी र अन्य सम्बन्धित व्यक्तिसँग गरिएको छलफलको आधारमा ज्ञानेन्द्र शाहीलाई हिँडन नसक्ने, खाली खुट्टा, टिसर्ट नभएको अवस्थामा दुवै हात समातेर जिल्ला प्रहरी कार्यालयमा लगेको पाइयो । शाहीलाई गिरफ्तार गर्ने क्रममा प्रहरीसँग शाहीका पक्षधरको करिब ३० देखि ४५ मिनेटसम्म झडप भएको पाइयो । गिरफ्तार गर्ने क्रममा खुल्ला मञ्चको चौरमा प्रहरीले गरेको लाठीचार्जबाट ज्ञानेन्द्र शाहीको शरीरमा चोटपटक लागेको घटनाका प्रत्यक्षदर्शीले बताए । प्रहरीले गिरफ्तार गरेपछि ज्ञानेन्द्र शाहीलाई इन्स्पेक्टर निरञ्जन घिमिरेको कोठामा लगी केही समय सोधपुछ गरेको पाइयो । गिरफ्तार भएका शाहीलाई सोही दिन बसमार्फत काठमाडौं लगिएको थियो । झडपमा ६ जना प्रहरी घाइते भएको पाइयो । प्रहरीले ज्ञानेन्द्र शाहीसमेत नौ जनालाई गिरफ्तार गरेकोमा ज्ञानेन्द्रलाई साइवर क्राइम र सार्वजनिक अपराधको मुद्दा चलायो भने अन्य सबैलाई सार्वजनिक अपराधको मुद्दा चलायो । गिरफ्तार परेका मध्ये बाँके कोहलपुर निवासी मिना खत्री र मेनुका परियारलाई जेठ १९ गते रिहा गरेको पाइयो भने अन्यलाई जेठ २१ गते प्रति व्यक्ति १०/१० हजार रुपियाँ धरौटीमा रिहा गरेको पाइयो । माथिका तथ्यका आधारमा ज्ञानेन्द्र शाही प्रहरीले दिएको यातनाका कारण नभई गिरफ्तारीका क्रममा भएको धकेलाधकेल, धरपकडका कारण घाइते भएका हुन सक्छन् । यातना पुष्टि हुने कुनै प्रमाणहरू फेला परेनन् ।

## सुझाव

- नेपालको संविधानले ग्यारेण्टी गरेको भेला तथा सङ्गठित हुन पाउने अधिकारको सम्मान गर्न नेपाल सरकारसँग माग गर्दछौं ।
- निहत्था व्यक्तिलाई गिरफ्तार अनावश्यक बल प्रयोग नगर्न सरकारको ध्यानाकर्षण गराउन चाहान्छौं ।
- अभिव्यक्ति स्वतन्त्रताको उपयोग गर्दा अरुको अधिकारका बारेमा ख्याल गर्न सरोकारवालासँग अनुरोध गर्दछौं ।

## घटनासँगसम्बन्धी अनुसूची

- नेपाल प्रहरीका प्रवक्ता विश्वराज पोखरेलको अन्तरवार्ताको लिङ्क : https://www.youtube.com/watch?v=qg6mTW5e74o
- जेठ १५ गते ज्ञानेन्द्र शाहीले खुलामञ्च सुर्खेतमा दिएको मन्तव्यको लिङ्क
- https://www.youtube.com/watch?v=tnfmqDxFQEk
- शाहीले पत्रकारका विरूद्ध बोलेको भनिएको भिडियोको लिङ्क
- https://www.youtube.com/watch?v=-h3AHW_R56M&feature=youtu.be
- नेपाल प्रहरी कर्णाली प्रदेश कार्यालयद्वारा प्रकाशित प्रेस विज्ञप्ति

